# शोध-निर्देशकको मन्तव्य

'नेपाली सवाई काव्यको विश्लेषणात्मक मूल्याङ्कन' शीर्षकको प्रस्तुत विद्यावारिधि (पीएच.डी) शोध-प्रबन्ध श्री द्रोणकुमार उपाध्यायले मेरो निर्देशनमा रही शोध-सिद्धान्त अनुरूप विषयको अध्ययन-अनुशीलन गरेर तथा अनुसन्धानतर्फ सचेत रहेर तयार पार्नुभएको हो ।

नेपाली समाजमा सवाई भन्ने वा गाउने र सुन्ने परम्परा प्राचीन कालदेखि नै चल्दै आएको मानिएको छ । यसरी मौखिक वा श्रुतिपरम्पराबाट जन्मिएको र हुर्किएको नेपाली सवाईले कालान्तरमा लिखित रूप लिन सकेको र नेपाली कविताको सापेक्षतामा एउटा उपविधाका रूपमा आफूलाई प्रतिष्ठित गर्न सकेको देखिन्छ नेपाली साहित्यको इतिहासमा । वि.सं. १९००को छेउछाउदेखि नेपाली कविताको उपविधाका रूपमा विकसित हुँदै आएको नेपाली सवाई काव्य अहिले पनि फाटफुट रूपमा रचिँदै गरेका पाइन्छन् । यसरी मौखिक वा श्रुतिपरम्पराबाट जन्मिएको र वि.सं १९००को छेउछाउदेखि लेख्य रूप लिएर हुर्कँदै आएको तथा अद्यावधि पनि फाटफुट रूपमा रचिँदै गरेको नेपाली सवाई काव्यका आफ्नै केही निजी विशेषता छन् । प्रस्तुत शोध-प्रबन्ध वि.सं. १९००को छेउछाउदेखि वि.सं. २०००सम्म रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यहरूको विवेचन, विश्लेषण, वर्गीकरण र मूल्याङ्कनमा निर्दिष्ट रहेको छ । यस किसिमको अध्ययन-विश्लेषणको क्रममा कविता विधाको सैद्धान्तिक आधारमा नेपाली सवाई काव्यको स्थिति, आयाम एवम् संरचना-स्वरूप पहिल्याउने; नेपाली सवाई काव्यको थालनी र विकास क्रमको सर्वेक्षणात्मक इतिहास प्रस्तुत गर्ने; वि.सं. १९००-२०००मा रचिएका सवाई काव्यका रचनाकारहरूको परिचय दिने तथा सवाई काव्यको रचनाकाल र प्रकाशन कालमा प्रकाश पार्ने; यस अवधिका प्रमुख सवाई काव्यहरूको विश्लेषण गर्ने; भाव वा विषयवस्तु, आयाम एवम् संरचना-स्वरूप, छन्द-लयविधान आदिका आधारमा नेपाली सवाई काव्यहरूको वर्गीकरण गर्ने; गुणस्तरका आधारमा यस समयावधिका सवाई काव्यहरूको मूल्याङ्कन गर्ने; नेपाली सवाई काव्यले नेपाली कविताका विभिन्न काल र धारा-उपधारामा (खास गरेर वि.सं. १९०० देखि २००० सम्म) दिएको थप आयाम र योगदानको विवेचन गर्ने; नेपाली सवाई काव्यको उठान र थालनीकाल वि.सं. (१९०१-१९४०), विकासकाल (वि.सं. १९४१-१९६२), विस्तारकाल (वि.सं. १९६३-१९७४) र शिथिलकाल (वि.सं. १९७५ देखि यता) आदिको चर्चा-विवेचना गर्ने तथा नेपाली सवाई काव्यका उत्प्रेरक तत्त्वहरूको साथै यसमा देखा परेका शिथिलताका कारणहरू केलाएर देखाउने जस्ता कामहरू भएका छन् । यसो गर्न जाँदा प्रस्तुत शोध-प्रबन्धलाई आठ अध्यायमा विभाजन गरी विषयवस्तुको प्राज्ञिक विश्लेषण र समीक्षात्मक विवेचना गरेर एउटा निष्कर्ष वा परिणाम निकाल्ने काम पनि गरिएको छ ।

प्रस्तुत शोध-प्रबन्धको पहिलो अध्याय 'शोधकार्यको परिचय' रहेको छ । यस अध्यायमा शोध-शीर्षकको परिचय दिएर शोध-समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शीर्षकको औचित्य, शोधकार्यको सीमा, शोध-विधि, शोध-प्रबन्धको अध्याय विभाजन जस्ता शोधकार्यका सैद्धान्तिक पक्षमा प्रकाश पारिएको

छ । यसै अध्यायमा प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई पनि केही बुँदाहरूमा समेटेर देखाउने कार्य भएको छ ।

'सवाई काव्यको सैद्धान्तिक परिचय नामक दोस्रो अध्यायमा 'सवाई' शब्दको स्रोत पहिल्याएर यसले नेपाली लोकलयप्रधान सवाई छन्द र त्यस छन्द-लय विशेषमा रचिएका काव्य विशेष बुझाउँछ भन्ने कुरामा प्रकाश पारिएको छ । यसरी सवाईको अर्थ, प्रयोग परम्परा आदि केलाउन जाँदा लोकगीत र लोकगाथाका सन्दर्भमा पनि सवाई काव्यको विवेचना गर्नुपरेको हुँदा लोकगीत र लोकगाथासम्बन्धी सामान्य चर्चा गरेर नेपाली लोकगीत र लोकगाथाका सन्दर्भमा नेपाली सवाई काव्य नेपाली लोकगाथाको निकटवर्ती रहेको देखिन्छ भन्ने कुरामा प्रकाश पारिएको छ । यसै सिलसिलामा 'सवाई' शब्दले नेपाली लोकलयप्रधान सवाई छन्द विशेषलाई पनि बुझाउने हुनाले नेपाली लोकलयप्रधान झ्याउरे आदि छन्दहरूको पनि सामान्य परिचय दिएर नेपाली लोकलयप्रधान सवाई छन्दको स्वरूप, प्रकार आदिका साथै यसको प्रयोग परम्पराको पनि चर्चा गरिएको छ । यसै अध्यायमा कविता विधाको आयाम एवम् संरचना-स्वरूपको आधारमा नेपाली सवाई काव्यको आयाम एवम् संरचना-स्वरूप पहिल्याउने प्रयास गरिएको छ ।

नेपाली कविताको विकासक्रमको सापेक्षतामा नेपाली सवाई काव्य (वि.सं १९००-२०००)को विकासक्रमको चर्चा प्रस्तुत शोध-प्रबन्धको तेस्रो अध्यायमा गरिएको छ । यस चर्चाको क्रममा वि.सं. १९००-२०००मा रचित, प्रकाशित एवम् उपलब्ध सवाई काव्यहरूका रचयिताहरूको संक्षिप्त परिचयका साथ सवाई काव्यको रचनाकाल र प्रकाशन कालमा प्रकाश पारिएको छ । यसै अध्यायमा नेपाली सवाई काव्य सिर्जनाका उत्प्रेरक तत्त्वहरू केलाएर हेर्ने र नेपाली लोक-परम्परामा सवाई काव्यको सम्भाव्यतामा पनि प्रकाश पार्ने काम भएको छ ।

शोध-प्रबन्धको चौथो अध्याय 'नेपाली सवाई काव्यहरूको विश्लेषणात्मक अध्ययन' रहेको छ । वि.सं. १९००-२०००मा रचित, प्रकाशित एवम् उपलब्ध सबै सवाई काव्यहरूको विश्लेषण गर्न लाग्दा शोध-प्रबन्धको आकार ज्यादै ठूलो हुने सम्भावनाले गर्दा यस समयावधिका चरणगत प्रवृत्तिलाई प्रतिनिधित्व गर्ने सत्रवटा सवाई काव्यहरू छानेर आयाम एवम् संरचना-स्वरूप, भाव वा विषयवस्तु, छन्द-लय विधान, विम्ब-अलङ्कार र प्रतीक योजना, भाषा-शैली रस परिपाक, कवित्वको गुणस्तर आदिका आधारमा तिनीहरूको विश्लेषण गरिएको छ र प्रत्येक कृतिको विश्लेषणका अन्त्यमा निष्कर्ष पनि दिइएको छ ।

प्रस्तुत शोध-प्रबन्धको पाँचौ अध्याय 'नेपाली सवाई काव्यको वर्गीकरण' रहेको छ । यस अध्यायमा विवेच्य समयावधिका नेपाली सवाई काव्यहरूलाई भाव वा विषयवस्तु, छन्द-लय विधान, आयाम एवम् संरचना-स्वरूप र कवित्वको गुणस्तरका आधारमा वर्गीकरण गरेर देखाउने काम गरिएको छ । आवश्यक ठाउँमा स्थूल विभाजन वा वर्गीकरणका साथै सूक्ष्म विभाजन-वर्गीकरण पनि गरिएको छ ।

छैठौं अध्यायमा विवेच्य समयावधिका सवाई काव्यहरूको विकास क्रमलाई केही चरणहरूमा बाँड्ने र चरणगत प्रवृत्तिहरूको चर्चा गर्ने काम भएको छ । यसो गर्दा नेपाली सवाई काव्यको विकासक्रम (वि.सं.१९००-२०००)लाई पहिलो चरण वा थालनीकाल (वि.सं.१९००-१९४१), दोस्रो चरण वा विकास काल (वि.सं.१९४१-

१९६२), तेस्रो चरण वा विस्तार काल (वि.सं.१९६३-१९७४) र चौथो चरण वा शिथिल काल (वि.सं. १९७५ देखि यता) भनेर सालाखाला चार चरणमा विभाजित गरिएको छ । प्रस्तुत शोधकार्य वि.सं. १९००-२००० सम्ममा रचित, प्रकाशित एवम् उपलब्ध सवाई काव्यहरूको विश्लेषण, वर्गीकरण, मूल्याङ्कनमा सीमित वा निर्दिष्ट रहेको हुनाले वि.सं. २००० पछिका नेपाली सवाई काव्यहरूलाई यहाँ सूचीबद्ध गर्ने काम मात्र गरिएको छ र तिनीहरूको विश्लेषण, मूल्याङ्कन आदि चाहिँ गरिएको छैन । यसै अध्यायमा नेपाली सवाई काव्य-परम्परामा आएका शिथिलताका कारणहरू पनि केलाएर देखाइएका छन् ।

शोध-प्रबन्धको सातौं अध्याय 'नेपाली सवाई काव्यहरूको मूल्याङ्कन' रहेको छ र यस अध्यायमा वि.सं. १९००-२०००का सवाई काव्यहरूको गुणस्तरका आधारमा वर्गीकरण गरेर प्रमुख सवाई काव्यहरूका मुख्य-मुख्य विशेषताहरूलाई पनि संक्षेपमा उल्लेख गरिएको छ । यसै अध्यायमा नेपाली कविताको धारागत विकासमा (वि.सं. १९००-२०००सम्म) नेपाली सवाई काव्यले दिएको योगदानको चर्चा-विवेचना गरिएको छ अनि यसै अध्यायमा नेपाली सवाई काव्य-परम्परामा देखिन आएका केही दुर्बल पक्षहरूको पनि विवेचना गरिएको छ ।

आठौं अध्याय 'उपसंहार र निष्कर्ष'को अध्याय हो । यसको 'उपसंहार' अंशमा यस शोध-प्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको सारसंक्षेप प्रस्तुत गरिएको छ र 'निष्कर्ष' अंशमा यस शोधकार्यबाट प्राप्त निचोडलाई निष्कर्षका रूपमा केही बुँदाहरूमा समेटेर देखाइएको छ ।

यसरी प्रस्तुत शोध-प्रबन्धले कतिपय नवीन तथ्यहरू खोजी गरेर प्रमाणयुक्त तथ्यादिको प्राज्ञिक विश्लेषणका साथै नेपाली सवाई काव्यको विकास प्रक्रियाको विस्तृत कालक्रमिक विवेचनात्मक व्याख्या गर्दै मुख्य-मुख्य सवाई कृतिहरूको विश्लेषण, वर्गीकरण, मूल्याङ्कन गरेको छ; नेपाली सवाई काव्यसम्बन्धी भएका पूर्व कार्यहरूको पनि समीक्षात्मक विवेचना आदि गरेर नयाँ सत्य र तथ्यको उद्घाटन गर्ने प्रयास गरेको छ र नेपाली सवाई काव्यका चरणगत प्रवृत्ति, विशेषताहरू देखाउनुका साथै यसको विकास-परम्परामा आएका प्रमुख कमजोरी र दुर्बल पक्षहरूको पनि विवेचना गरेर देखाएको छ । यसबाट नेपाली सवाई काव्यसम्बन्धी उल्लेखनीय नयाँ आयाम थपिन आएको छ भनी म ठान्दछु र यस शोध-प्रबन्धबाट नेपाली सवाई काव्यको शोधकार्यमा गवेषणामूलक प्रमाणिक एवम् तार्किक प्रक्रियाका आधारमा सत्यको अन्वेषण र उद्घाटन हुन सकेको छ भन्ने मलाई विश्वास छ ।

अन्त्यमा, नेपाली विषयमा विद्यावारिधि (पीएच.डी.) उपाधिका निम्ति तयार पारिएको प्रस्तुत शोध-प्रबन्धको उचित मूल्याङ्कन गरेर शोधकर्तालाई विद्यावारिधि उपाधि प्रदान गर्नका निम्ति उत्तरबङ्ग विश्वविद्यालयलाई समुचित व्यवस्था मिलाईदिनुहुन म यसको अनुमोदन गर्दछु ।

(डा. भीमकान्त उपाध्याय)

दिनाङ्क : २०.३.२००२